
# 'फ्याक्ट्स अफ नेपाल' सार्वजनिक

■ आर्थिक संवाददाता
काठमाडौं, फागुन ६

फ्याक्ट्स रिसर्च एण्ड एनलाइटिक्सले नेपालका विभिन्न क्षेत्रहरूको जानकारी र तथ्यांक संकलन गरी तयार पारेको वार्षिक पुस्तक फ्याक्ट्स अफ नेपाल २०१९ संस्करण अनावरण गरेको छ ।

यस २०१९ को वार्षिक पुस्तकमा अघिल्लो वर्षको विभिन्न क्षेत्रहरूको तथ्यांक संकलन गरी बनाइएको सूचनागत दृश्यचित्र (इन्फोग्राफिक्स) हरू समावेश गरिएका छन् । सरल र जानकारीमूलक ढङ्गबाट गरिएको क्षेत्रगत तथ्यांकको अन्तर्दृष्टि र विश्लेषण पनि यस संस्करणमा समावेश गरिएको छ । यो पुस्तकमा देशको सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रलगायतका १९ क्षेत्रहरू समेटिएका छन् । यो प्रकाशन यस फ्याक्ट्स वार्षिक पुस्तकको पाँचौं संस्करण हो । यस पुस्तकका पछिल्ला संस्करणहरूले देशको कर्पोरेट, सामाजिक, विकासशील र राजनीतिक क्षेत्रहरूमा लोकप्रियता पाउनुका साथै सो पुस्तकहरूलाई तथ्यांक र अन्तर्दृष्टिहरूको प्रस्तुतीकरणको एक विश्वसनीय स्रोतको रूपमा लिने गरिएको छ । यो संस्करणको मूल्य चार सय रूपैयाँ राखिएको छ । स्वतन्त्र निजी अनुसन्धानमूलक कम्पनीको रूपमा रहेको फ्याक्ट्सले अनुसन्धान र विश्लेषणात्मक परियोजनाहरू सञ्चालन गर्नुको साथै आफ्नो स्थापनाकाल (२०१२) देखि नै सामाजिक सञ्जाल र छापा माध्यममार्फत आमजनताका लागि दैनिक, साप्ताहिक र मासिक रूपमा सूचनामूलक तथ्यांकीय चित्रहरू प्रस्तुत गर्ने कार्य जारी राखेको छ । तथ्यांकीय पारस्परिक छलफलहरू र सूचनागत दृश्यचित्र (इन्फोग्राफिक्स)लाई बुझ्नको लागि फ्याक्ट्सले अनलाइन समाचार पोर्टल, दैनिक पत्रिका, मासिक पत्रिका र राष्ट्रिय टेलिभिजनहरूसँग साझेदारी गरेर अघि बढिरहेको जनाएको छ ।




# निसानको नयाँ किक्स गाडी नेपालमा




■ आर्थिक संवाददाता
काठमाडौं, फागुन ६

पायोनियर मोटो कर्प प्रा.लि.ले लामो समयदेखि प्रतीक्षामा रहेको निसानको उत्कृष्ट गाडी किक्स बजारमा ल्याएको छ । नयाँ गाडीले विशेष सुविधासहितको आरामदायी सेवा दिने कम्पनीले जनाएको छ । आइतबार सार्वजनिक गाडीको सुरूवाती बजारमूल्य ४७ लाख ९९ हजार रूपैयाँ र टप लेभलको मूल्य ५९ लाख ९९ हजार रूपैयाँ रहेको कम्पनीले जनाएको छ ।

यसका अन्य कतिपय विशेषता रहेको कम्पनीले जनाएको छ । जसमा ८ इन्चको टचस्क्रिन जसलाई एन्ड्रोइड तथा एप्पल प्रणालीद्वारा सञ्चालन गर्न सकिन्छ साथै एलईडी प्रोजेक्टरको हेड ल्याम्प, अटोमेटिक क्लाइमेट कन्ट्रोल, कूल र इलुमिनेटेड ग्लोभ बक्स, क्रुज कन्ट्रोल, भ्वाइस रिकग्निसन, गाडी स्टाटको लागि साँचो नचाहिने स्मार्ट कार्ड, चालकको लागि हाइट मिलाउन मिल्ने सिट, दुईवटा एयरब्याग र ईबीडी र बीए सहितको एबीएस समावेश गरिएको छ ।

यो एसयूभी गाडी डिजेल इन्जिनमा एक्सएल, एक्सभी र एक्सभी प्रिमियम गरी तीन प्रकारका र पेट्रोल इन्जिनमा एक्सएल र एक्सभी गरी दुई प्रकारका रहेका छन् । यसैगरी नयाँ निसान किक्स पर्ल ह्वाइट, ब्लेड सिल्भर, ब्रोजन ग्रे फायर रेड, एम्बर अरेन्ज, जीप ब्लु पर्ल र नाइट सेड गरी जम्मा ७ प्रकारका विभिन्न कलरमा पाइनेछन् ।

बिक्री प्रारम्भ गरिएको समारोहमा, पायोनियर मोटो कर्पका प्रबन्ध निर्देशक सन्दीपकुमार सारडाले विश्वस्तरीय नयाँ सवारी साधन नेपाली उपभोक्तासँग ल्याउन सकेकोमा खुसी व्यक्त गरेका थिए । नयाँ गाडीले नेपालीको अभिरूचि पूरा गर्ने उनले विश्वास व्यक्त गरे । यसको स्टाइलिस डिजाइनले यसको क्षमता र ड्राइभिङ डाइनामिक्सलाई परिपूरकको काम गरेको छ । नयाँ निसान किक्सको पेट्रोल इन्जिनमा १.५ एच४केको ५ स्पीड म्यानुअल ट्रान्समिसन र डिजेल इन्जिनमा १.५ के९के डीसीआईको ६ स्पीड म्यानुअल ट्रान्समिसनमा उपलब्ध छन् । यसको माइलेज क्षमता उत्तम मानिएको छ । पेट्रोल इन्जिनले प्रतिलिटर १४.२३ किलोमिटर र डिजेल इन्जिनले प्रतिलिटर २०.४५ किलोमिटर गाडी चल्नसक्ने एआरएआईले प्रमाणित गरेको कम्पनीले जनाएको छ । यी गाडीहरू पायोनियरको नयाँ बिक्रीकक्ष काठमाडौं उत्तरढोका र देशभरका बिक्री केन्द्रहरूबाट खरिद गर्न पाइनेछ ।

# एओटीएस जापान तथा परिसंघबीच छलफल



■ आर्थिक संवाददाता
काठमाडौं, फागुन ६

एओटीएस जापानका अध्यक्ष सिन्हया कुवायमाको नेतृत्वमा आएको एक प्रतिनिधिमण्डलले सोमबार नेपाल उद्योग परिसंघका पदाधिकारीसँग द्विपक्षीय प्राविधिक सहयोग सम्बन्धमा विस्तृत छलफल गरेको छ ।

सो छलफलमा एओटीएस जापानका अध्यक्ष सिन्हया कुवायमाले नेपाल आर्थिक प्रगतिको पथमा तीव्र गतिले अगाडि बढिरहेको सन्दर्भमा विगतजस्तै आउँदा दिनहरूमा पनि जापान तथा नेपालमा समेत मानव संसाधनको विकासका क्षेत्रमा तालिमको माध्यमबाट सहयोग वृद्धि गर्ने संकेत गरे । त्यसको लागि निजी क्षेत्र बढी क्रियाशील भई कुन क्षेत्रमा कस्तो सहयोग, तालिम वा गोष्ठी गर्दा नेपाल र नेपालीको हितमा हुन्छ, सो प्रष्ट हुनुपर्ने बताए ।

आफ्नो संस्थाले यसका लागि जेट्रोसँग सहकार्य गर्दै सहयोगी भूमिका खेल्ने उल्लेख गरे । सो अवसरमा प्रतिनिधिमण्डलको स्वागत गर्दै नेपाल उद्योग परिसंघका अध्यक्ष हरि भक्त शर्माले मुलुक आर्थिक समृद्धितर्फ अग्रसर भएको साथै सुखी नेपाली समृद्ध नेपालको नारासहित समग्र मुलुक त्यसतर्फ लागिरहेको प्रसंग उल्लेख गर्दै हालै सम्पन्न नेपाल उद्यमशीलता सम्मेलनबाट नयाँ सीप, ज्ञान र नवीनतम सोचको टड्कारो आवश्यकता महसुस भएको उल्लेख गरे ।

आर्थिक विकास र संघीय संरचनामा यसको अझ बढी आवश्यकता रहेको बताउँदै सो सम्मेलनमा प्राप्त भएका सुझाव विगत २०१४ र २०१७ मा भएका नेपाल पूर्वाधार सम्मेलनलगायत उद्यमी व्यवसायीको औद्योगिक विकासको लागि आवश्यक पर्ने सीप, दक्षता, प्राविधिक तालिम गोष्ठीको लागि एओटीएसको सहयोग, सद्भाव र सहायता आगामी दिनहरूमा अझ बढी आवश्यक रहने र निजी क्षेत्रको अपेक्षासमेत सम्बोधन हुनेमा परिसंघ विश्वस्त रहेको बताएका थिए । प्रतिनिधिमण्डलका अन्य सदस्यहरूमा एओटीएस दिल्ली कार्यालयका महाप्रबन्धक हिसासी काण्ड मासोनारी कासाई एओटीएस नेपालका द्वितीय उपाध्यक्ष अशोक कुमार अर्याल र नेपाल एओटीएसका सल्लाहकार अमित दलीको उपस्थिति रहेको थियो । परिसंघको तर्फबाट परिसंघका पदाधिकारी, गभर्निङ काउन्सिलका सदस्यहरू तथा राष्ट्रिय परिषद्का सदस्यहरूको समेत उपस्थिति रहेको थियो ।

# विद्यालयमा घेराबार गर्न प्रवासबाट आर्थिक सहयोग

■ आर्थिक संवाददाता
खोटाङ, फागुन ६

खोटाङको इन्द्रेणी पोखरीको एक विद्यालयको कम्पाउन्ड घेराबार गर्नका लागि प्रवासबाट आर्थिक सहयोग प्राप्त भएको छ ।

खोटेहाङ गाउँपालिका ६ इन्द्रेणीपोखरीस्थित इन्द्रेणीपोखरी माध्यमिक विद्यालयको सुरक्षाका लागि कम्पाउन्ड घेराबार गर्नका लागि अमेरिका, बेलायत र हङकङमा बसिरहेका ४३ अभिभावक तथा शुभेच्छुकहरूले ९ लाख १२ हजार नौ सय दुई रूपैयाँ सहयोग गरेका हुन् ।



विद्यालयको कम्पाउन्ड निर्माणार्थ खोटेहाङ गाउँपालिकाले सात लाख विनियोजन गरेपछि प्रवासमा रहेका अभिभावक तथा शुभेच्छुकहरूवाट पनि आर्थिक सहयोग प्राप्त भएको स्थानीय युवा देविन्द्र राईले बताए ।

संकलित रकम चन्दादातामध्येका दिलिप राईले विद्यालयलाई हस्तान्तरण गरेको बताइएको छ ।

विद्यालयलाई आर्थिक सहयोग गर्ने सहयोगीहरूलाई खादा ओढाएर सम्मान समेत गरिएको विद्यालयले जानकारी दिएको छ ।

# भैरहवामा सुबिसुको नयाँ शाखा

■ आर्थिक संवाददाता
काठमाडौं, फागुन ६

सुबिसु केवलनेट प्रा.लि.ले आफ्नो नयाँ शाखा भैरहवाको मिलनचोकमा विस्तार गरेको छ । नयाँ शाखा कम्पनीका नेशनल सेल्स प्रमुख युवराज कार्की र सिद्धार्थ उद्योग वाणिज्य संघका महासचिब नेत्र प्रसाद आचार्यले उद्घाटन गरेको कम्पनीले जनाएको छ ।

यस शाखाबाट सुबिसुले भैरहवा तथा यस क्षेत्र वरिपरिका ग्राहकहरूको आवश्यकतालाई मध्यनजर गर्दै सुबिसुसँग सम्बन्धित सम्पूर्ण जानकारीहरू प्रदान गर्ने, कम्पनीका विभिन्न सेवाहरूको बिक्री तथा वितरण साथै सेवापछिको सहयोग आफ्ना दक्ष तथा अनुभवी कर्मचारीहरूबाट प्रदान गर्ने कम्पनीले जनाएको छ ।

साथै भैरहवा आसपासका उपभोक्ताहरूलाई समय र ग्राहकको चाहनाअनुसार नयाँ प्रविधिसहितको गुणस्तरीय तथा तीव्र गतिको एफटीटीएच इन्टरनेट तथा क्लियर टिभी सेवा



सहुलियत दरमा प्रदान गर्ने कम्पनीले जनाएको छ । क्लियर टिभीमार्फत २ सय ६५ भन्दा बढी (७० भन्दा बढी एचडी) च्यानलहरू हेर्न सकिनेछ भने एफटीटीएच सेवामा न्यूनतम १५ एमबीपीएस गतिदेखि १ सय एमबीपीएस गतिसम्मको इन्टरनेट सेवा उपलब्ध रहेको छ । यसै अवसरमा कम्पनीले सो क्षेत्रका ग्राहकहरूलाई इन्टरनेट तथा टिभी सेवामा विशेष छुट प्रदान गरेको छ ।

# महायज्ञ सफल बनाउन वीरगञ्जमा शोभा यात्रा

■ आर्थिक संवाददाता
वीरगञ्ज, फागुन ६

वीरगञ्जमा हुन लागेको अश्वमेध गायत्री महायज्ञ सफल बनाउन भव्य शोभा यात्रा निकालिएको छ । अखिल विश्व गायत्री परिवार, वेदमाता गायत्री शक्ति पीठ वीरगञ्जका महिला समूहहरूले महायज्ञ सफल बनाउने उद्देश्यले सोमबार वीरगञ्जमा शोभा यात्रा निकालेका हुन् ।




आदर्शनगरबाट निकालिएको शोभायात्रा, माईस्थान, घण्टाघर चौक, पुन माईस्थान, २ नम्बर रोड हुँदै लोहारपट्टी, गणेशमान चौक, बिर्ता, अलखिया मठ भएर आदर्शनगर चोकमा स्थापना गरिएको कार्यालयमा पुगी समापन भएको थियो । शोभा यात्रामा गायत्री परिवारका करिब ३ सय महिलाहरूको सहभागिता रहेको थियो । सहभागी महिलाहरूले नेपाल आमाकी जय, सत्य सनातन धर्मकी जय, देव संस्कृतिकी जय लगायत धार्मिक नारा लगाउँदै नेपालमै पहिलेपल्ट हुन लागेको महायज्ञ सफल बनाउन नगरवासीलाई आह्वान गरिएको थियो ।

शोभायात्रा समापनमा बोल्दै शान्तिकुज हरिद्वार भारतबाट आएकी ब्रह्मवादणी टोलीकी नेतृ श्यामा राठौरले यज्ञले मानवलाई शान्ति एवं सद्भाव सिकाउने भएकोले यसमा सहभागी जनाउन सबैमा आहवान गरिन् । उनले यज्ञले समाजलाई उच्च मानवीय आदर्शका निमित्त अघि बढ्न प्रेरित गर्ने बताइन् । उनले परमार्थ, आत्मसंयम, दान, सद्भावना आदि मूल्यहरूलाई दैनिक जीवनमा आत्मसात् गर्नु नै यज्ञको मुख्य उद्देश्य रहेको जानकारी समेत दिइन् ।

यही फागुन १९ गतेदेखि २२ गतेसम्म वीरगञ्जमा हुने महायज्ञमा करिब ६–७ लाख श्रद्धालुहरूको सहभागिता हुनेछ । महायज्ञमा सहभागी हुन आउने विदेशीहरूलाई स्वागत गर्न भव्य तयारी भइरहेको शक्तिपीठका संयोजक एव वीरगञ्ज महानगरपालिकाका मेयर विजय कुमार सरावगीले बताए । राष्ट्रलाई सक्षम, समर्थ एवं समृद्ध बनाउनको लागि पहिलेपल्ट नै नेपालमा अश्वमेध गायत्री महायज्ञको आयोजना गर्न लागिएकोले देश विदेश गरी करिब ६ देखि ७ लाख रूपैयाँसम्मको श्रद्धालुहरूको सहभागिता हुने अनुमान गरिएको बताए । महायज्ञको उदघाटन राष्ट्रपति विद्यादेखि भण्डारीले गर्ने तथा पूर्णाहुति(समापन) प्रधानमन्त्री केपी ओली शर्माले गर्ने निश्चित भइसकेको उनले बताए । २ करोडभन्दा बढीको लागतमा हुन लागेको यज्ञमा सहभागी हुनेलाई हवन गर्न २ सय ५१ कुण्डीय भव्य यज्ञशाला र देव संस्कृतिलाई दर्शाउने एउटा विशेष प्रदर्शनी निर्माणको तयारी भइरहेको छ ।

यज्ञमा दैनिक ६० हजार व्यक्तिले हवन गर्न सकिने सम्पूर्ण व्यवस्था मिलाइएको उनले बताए । उनका अनुसार यज्ञमा सहभागी हुन आउने भारतीय एवं अन्य देशका पर्यटकको लागि निःशुल्क खाना र बस्ने सुविधा मिलाइएको छ । आध्यात्मिक ज्ञान दिन यज्ञ अवधिभर २० वटाभन्दा बढी कार्यशाला गोष्ठीको आयोजना गरिनेछ ।


## Invitation for Bids

Mudkechula Rural Municipality
Office of Rural Municipal Executive
Dolpa, Karnali Province

**Invitation for Electronic Bids for the Procurement of Excavator with Breaker (Supply and Delivery Works)**

Date of publication: 19-02-2019

1. Mudkechula Rural Municipality invites electronic bids from eligible bidders for the procurement of ***Excavator with Breaker (Supply and Delivery Works)*** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Mudkechula Rural Municipality, Dolpa, Tel: 994870133, itomudkechulamun@gmail.com*** or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank: Nepal Bank Limited, Dunai Branch, Dolpa
   Name of the Office: District Treasury Controller Office, Dolpa
   Office Code No. : 305016101 Revenue Head No. : 14229
4. Pre-bid meeting shall be held at ***Mudkechula Rural Municipality, Dolpa*** at ***14-03-2019 12:00 noon.***
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of ***Mudkechula Rural Municipality, Dolpa*** on or before ***12:00 noon*** on ***21-03-2019***.
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on ***14:00*** on ***21-03-2019*** at the office of ***Mudkechula Rural Municipality, Dolpa***. Bids must be valid for a period of ***120 days*** counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of 3 % of estimated amount, which shall be valid for minimum 30 days beyond the bid validity period.
7. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in ***Deposit Account No.: 4520303007102*** at **Rastriya Banijya Bank, Mudkechula Branch, Dolpa.**
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. All other terms and conditionswill be as per Nepal Government's prevailing Procurement Act and Regulations.
10. ***Mudkechula Rural Municipality, Dolpa*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

| Contract ID | Description of Work | Quantity | Bidding Document Fee | Bid Security Amount and validity period |
|---|---|---|---|---|
| MURM/NCB/GOODS/2075-076/04 | Hydarulic Excavator with Breaker | 1 (One) | NRs.3,000 | NRs 420000( Four Lakh Twenty Thousand Rupees only) 120 days from the day of bid opening |

**Chief Administrative Officer**